## हरिनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## हरिनगरा, सुनसरी
कोशी प्रदेश, नेपाल

सूचना प्रकाशित मितिः- २०८१।१०।०७

**बिषय :- दोस्रो पटक सूचना प्रकाशन गरीएको सम्वन्धमा ।**

यस हरिनगर गाउँपालिका अन्तर्गत गरिब परिबार पहिचान गर्ने सन्दर्भमा तथ्यांक संकलन तथा विश्लेषण गरी नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त प्रारम्भिक रुपमा पहिचान भएका गरिब परिबारहरुको यसैसाथ संलग्न गरिब घर परिवार सर्वेक्षण, २०७८ मा अधारीत गरिब घर परिबारको सूची उपर सम्वन्धित परिबार वा कसैको गुनासो भएमा गुनासो सुनुवाइ मार्गदर्शन, २०७८ को दफा ३ बमोजिमको तपसिल अनुसारको गुनासो दर्ताको आधारमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयको गुनासो सुनुवाइ अधिकारी समक्ष तोकिएको अनुसूचीमा स्पष्ट संग सम्पूर्ण विवरण भरी गुनासो दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

<u>गुनासो दर्ताको आधार</u> :

(क) गरिव परिवारमा समावेश हुनुपर्नेमा प्रारम्भिक सूचीमा नपरेको भन्ने लागेमा सम्वन्धित परिवारको १८ वर्ष उमेर पूरा भएको सदस्यले अनुसूची-१ बमोजिमका सूचकमा आधारित भई पर्याप्त आधार र कारण खोली गुनासो दर्ता गर्न सक्नेछ ।

(ख) गरिब परिबारमा समावेश नहुनु पर्नेमा सो सूचीमा प्रकाशन भएको देखिएमा सम्वन्धित स्थानीय तहमा बस्ने जोसुकै व्यक्तीले अनुसूची-१ बमोजिमका सूचीमा आधारति भई पर्याप्त आधार र कारण खोली उजुरी दिन सक्नेछ ।

(ग) गरिब परिबारको वर्गिकरण गर्दा एक वर्गमा समावेश गर्नुपर्ने परिवारलाई अर्को वर्गमा वर्गीकरण गरेको भन्ने विषयमा उजुरी दिनु परेमा सम्बन्धित व्यक्तीले अनुसूची-१ बमोजिमका सूचकमा अधारित भई पर्याप्त आधार र कारण खोली उजुरी दिन सक्नेछ ।

रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत